# क्रिश्चियन जीवनका जगहरू

क्रिश्चियन जीवनको वृद्धिमा एउटा व्यवहारिक निर्देशन

**बब गोर्डन**

डेविड फार्ढुली

# THE FOUNDATIONS OF CHRISTIAN LIVING

# क्रिश्चियन जीवनका जगहरु

# क्रिश्चियन जीवनका जगहरु

(THE FOUNDATIONS OF CHRISTIAN LIVING)

*By:*
Rev. Dr. Bob Gordon
with
David Fardouly

Good News Publisher
Kathmandu, Nepal

Sovereign World Ltd
PO Box 777
Tonbridge
Kent TN11 0ZS
England (UK)

**The Foundations of Christian Living**

© 1988 Bob Gordon

***Translated and published in Nepali language by:***
Good News Publisher
PO Box 1083
Kathmandu, Nepal

**क्रिश्चियन जीवनका जगहरु**

**लेखकः**

रेभ. डा. बब गोर्डन
डेभिड फार्दुली

नेपालीमा पहिलोपल्ट प्रकाशित इ.स. १९९६
दोस्रोपल्ट २००२
*नेपाली प्रकाशनको सर्वाधिकार*
गुड न्युज प्रकाशन
पो. ब. नं. १०८३
काठमाडौं, नेपाल

मुद्रण : आर. के. प्रिन्टर्स

# विषय सूची

**पहिलो भाग : चेला बन्नु** १

१. चेला भनेको को हो ? ३
२. चेलापनको महत्व र मूल्य ९
३. पाप के हो ? १५
४. पश्चाताप : पापलाई के गर्ने ? १९
५. येशूको रगत २३
६. उद्धारको निम्ति विश्वास २७
७. ख्रीष्टमा हामी के हौं ? ३३
८. क्षमा र शुद्ध विवेक ३७
९. धर्मपुत्र ग्रहण ४७
१०. परमेश्वरको पितृत्व ५३
११. पवित्र आत्माको व्यक्तित्व र काम ६१
१२. सबै विश्वासीहरु पवित्र आत्माद्वारा भरिनुपर्छ ६८

**दोश्रो भाग : चेलापनका जगहरु** ७३

१. सही जगको महत्व ७५
२. मृतकार्यबाट पश्चाताप ८१
३. परमेश्वरमा विश्वास ८६
४. बप्तिश्माका सिद्धान्तहरु ९१
५. हात रखाई १००
६. मरेकाहरुको पुनरुत्थान १०५
७. अनन्त न्याय ११२

**तेश्रो भाग : चेलापनको रहस्यको समझ** १११

१. क्रुसको समझ (भाग १) : क्रुसको शक्ति १२१
२. क्रुसको समझ (भाग २) :क्रुसको रहस्य १२८
३. क्रुसको समझ (भाग ३) :क्रुसको गुण १३३
४. प्रेम के हो ? १३९
५. भग्न र सेवक हृदय १४८
६. येशूको दु:ख, कष्ट र परीक्षा १५७
७. पवित्रता र परमेश्वरको आगोको ज्वालाको स्पर्श १६८

**चौथो भाग : चेलाको (आत्मिक) रुपमा वृद्धि** १७९

१. प्रभुसित भेटने दैनिक समय - तालिका १८१
२. परमेश्वरको वचन के हो ? १८६
३. परमेश्वरको वचनको अध्ययन १९८
४. प्रार्थना २०७
५. परमेश्वरको आवाज सुन्नु : इश्वरीय अगुवाईको सिद्धान्त २२२
६. प्रशंसा र आराधना २३३
७. आत्मिक युद्ध २४१

**पांचौं भाग : चेलामा फलदायीपन** २५१

१. आत्म-सम्मान र परमेश्वरसितको हाम्रो सही सम्बन्ध २५३
२. फलदायीपनको समझ (भाग १) -
स्वतन्त्रता, फल, शक्ति तथा बुद्धि २६४
३. फलदायीपनको समझ (भाग २) - फल फलाउन बोलावट २७४
४. फलदायीपनको समझ (भाग ३) - बोलावट र लक्षहरु २८७
५. अनुग्रहका वरदानहरु २९९
६. व्यवस्थापन, रोपाई र कटाई ३०९
७. विश्वासमा बढनु ३१८

**छैठौं भाग : चेलाको रुपमा सेवा गराई** ३३१

१. ख्रीष्टको देह : मण्डली ३३३
२. मण्डलीमा सम्बन्ध ३४३
३. मण्डलीमा अधिकार ३५३
४. मण्डली र जीवनमा अनुशासन ३६१
५. प्रभु-भोज ३६७
६. परिवारमा सम्बन्ध ३७३
७. यौन, बाइबल र संसारसितको सम्बन्ध ३८५

**सातौं भाग : चेलाहरुको तालीम** ३९९

१. महान आज्ञा (चेला बनाउने प्रभुको आदेश) ४०१
२. चेलापनको आरम्भ (अरु मानिसहरुलाई ख्रीष्टमा डोऱ्याउने) ४१४
३. चेलाहरुको तालीम ४२६

# आउँदा कुराहरूको स्वरुप

यो निर्देशन पुस्तकलाई ५० अध्यायमा विभाजित गरिएको तपाईंले देख्नुभएको छ. यसको मतलब हप्ताको एकचोटी एउटा पाठ (अध्याय) अध्ययन गरेमा एकवर्षमा यो पूरा हुनेछ. हरेक पाठलाई तल वर्णन गरिएजस्तै ४ अंशमा बाँडिएको छ. अध्ययनलाई सजिलो बनाउने उद्देश्यले ५० अध्यायलाई एउटै तरीकाले प्रश्तुत गरिएको छ.

---

१. **मुख्य पदहरु** : शैक्षिक इकाईका विषयसँग मिल्ने अति महत्वपूर्ण पदहरु

२. **गुदी वा पेट** : मुख्य शिक्षालाई महत्वपूर्ण शिर्षकहरुमा बाँडेर बयान गरिएको छ.

३. **प्रश्नहरु र छलफलका बुँदाहरु** : व्यक्ति वा झुण्डले शिक्षामा ध्यान दिंदै त्यसबाट उपलब्धिहरु हासिल गर्न सकून्, विशेषगरी येशूका चेलाको नाताले तिनीहरुलाई आफ्ना दैनिक जीवनमा लागू गर्न सकून्.

४. **साराँश र प्रयोग** : पूरै अध्यायमा निहित शिक्षामा सर्सती नजर.

---

## यो पुस्तकबाट बढी भन्दा बढी फाइदा कसरी उठाउने ?

क. सबैका लागि सुझाव

१. **यो पुस्तक अध्ययन गर्न शुरु गर्नुभन्दा अगाडि** आफैंसित प्रश्न गर्नुहोस्, “के म येशूको वास्तविक चेला बन्न चाहन्छु ?” यदि बन्न चाहनुहुन्छ भने यो पुस्तकको अध्ययनप्रति गम्भीर हुँदै यसलाई पूरा गर्नमा प्रतिबद्धता देखाउनु महत्वपूर्ण हुन्छ.

२. **अध्ययनको अन्त्यमा** आफैंलाई र अरुलाई पनि चेला बनाउनमा आवश्यक आधारभूत ज्ञान तपाईंसँग हुनेछ.

३. **यो अध्ययन हतारमा शुरु नगर्नुहोस्** ! यदि तपाई यो पुस्तकको अध्ययन एक्लै गर्दै हुनुहुन्छ भने धर्मशास्त्रमा हेर्ने र प्रश्नहरुको उत्तर दिनमा समय लगाउनुहोस्. शैक्षिक इकाईका प्रत्येक अंशहरु प्रार्थनापूर्वक परमेश्वरमा सुम्पनुहोस् र यसबाट तपाईंसित बोल्न उहाँसँग विन्ती गर्नुहोस्. महत्वपूर्ण बुँदाहरुमा मनन गर्नुहोस् र सिकेका सत्यहरु आफ्नो दैनिक जीवनमा लागू गर्ने प्रयत्न गर्नुहोस्. येशूको चेलाका रुपमा परिपक्वतामा यसरी नै वृद्धि हुन्छ.

४. **यदि तपाईं झुण्डको एक हिस्साको रुपमा यो पुस्तक अध्ययन गर्दै हुनुहुन्छ भने** झुण्डको एक अभिन्न अंग हुने कटिबद्धता देखाउनुहोस्. “संगति” शब्द ग्रीक भाषाको Koinonia शब्दबाट आएको हो जसको अर्थ “चीजबिजहरु सामूहिक रुपमा (एकअर्कासित) बाँड्नु” भन्ने हुन्छ. तपाई येशूको चेलाको रुपमा वृद्धि हुनमा अरुहरुबाट प्राप्त हुने साहसद्वारा धेरै सहायता पुग्न जान्छ. तिनीहरुमाथि भरोसा गर्न सिक्नुहोस् र आफ्ना जीवनका कुराहरु तिनीहरुलाई पनि भन्नुहोस्. आफूले परमेश्वरका बारेमा र उहाँका वचनका सम्बन्धमा सिकिरहेका कुराहरु झुण्डका अन्य व्यक्तिहरुसित पनि बाँडनुहोस्. यसप्रकारसित आफूले सिकेका कुराहरुमा तपाईं अरुसँगै जिउन सक्नुहुनेछ र तपाईको विश्वासमा वृद्धि हुँदै तपाई ख्रीष्टको परिपक्वतामा बढ्नुहुनेछ.

५. झुण्डमा वास्तवमै भेटेर शिक्षा दिने र अध्ययन गर्नुभन्दा अगाडि नै यसको एक हिस्साको हिसाबले तपाईले पहिला नै अध्ययन गरिसिध्याउनु भएमा यसबाट चाहिनेभन्दा बढी फाइदा तपाईं लिन सक्नुहुन्छ. यसबाट तपाईं विभिन्न तथ्यहरुमाथि मनन गर्न सक्नुहुन्छ र त्यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सक्नुहुन्छ. कुनै प्रश्नहरु उब्जेमा त्यसमाथि छलफल गर्न सकिन्छ र सत्यहरुलाई स्वाभाविक रुपमा बुझ्न सकिन्छ. त्यसरी झुण्डले शैक्षिक इकाईहरुद्वारा परमेश्वरको नेतृत्वलाई अनुभव गर्दै विकास गर्न सकिन्छ.

ख. अगुवाहरुमा सुझाव

१. यो शैक्षिक इकाईका सबै अंशहरु पहिला आफैं नै पूरा गरिहाल्नुहोस्. यसबाट अरुलाई शिक्षा दिनुभन्दा अगाडि यसमा भएका कुराहरु तपाई आफूले जान्नु र बुझ्नुपर्दछ. एक-आपसमा भेट्नुभन्दा अगाडि नै पाठलाई अध्ययन गर्न झुण्डलाई प्रोत्साहित गर्नुहोस्.

२. प्रत्येक झुण्ड विभिन्न आत्मिक स्तरका हुने हुनाले तपाईंले तिनीहरु प्रत्येकको स्तर थाहा पाएर सो अनुसार आफ्ना तरीकामा सुधार ल्याउनुपर्छ. भेटनुभन्दा अगाडि प्रार्थना गर्नुहोस् र यी शिक्षाहरु कसरी संचालन गर्ने सो तपाइलाई देखाउन परमेश्वरसित बिन्ती गर्नुहोस्. सभाको शुरुमा आफूलाई प्रभुमा समर्पण गर्न र सिक्ने क्रम जारि रहँदै गर्दा उहाँसित मदद माग्नका लागि प्रार्थना गर्न नभुल्नुहोस्.

३. यो अध्ययनमालामा सामग्रीहरु बडो होशियारी पूर्वक मिलाइएका छन्. सर्वप्रथम आधारभूत जगको तर्जुमा गरिएको छ. त्यसपछि व्यवस्थित तरीकाबाट यसै जगमाथि महत्वपूर्ण सत्यहरुलाई राखिएको छ. त्यसकारण यसमा निहित सामग्रीहरुदेखि तपाई नबरालिनुहोस्.

४. सम्भव भएमा आफ्नै अनुभवहरुबाट पनि अरु थप उदाहरणहरु र प्रयोगहरु त्यसमा जोड्नुहोस्. आफ्नो स्थानीय वातावरण तपाईं जान्नुहुन्छ त्यसकारण आफ्नो झुण्डलाई के भन्दा ठीक हुन्छ सबै

समयमा पवित्र आत्माप्रति आफू उपलब्ध र संवेदनशील हुनुहोस्.

५. झुण्डमा आफू रहँदा तपाई त्यहाँ पूरै समय प्रचार नगर्नुहोस् किनभने सभामा तिनीहरु स्वयम् छलफलमा संलग्न हुनु महत्वपूर्ण हुन्छ. छलफल र आशिष बाँड्नमा सबैलाई उत्साहित गर्नुहोस् तर झुण्डका टाठा-बाठालाई हावी हुन भने नदिनुहोस्. शान्त र चूपचाप बसिरहने सदस्यलाई पनि सम्भव भएसम्म छलफलमा भाग लिन लगाउनुहोस् ताकि झुण्डका सबैले केही न केही योगदान गर्न सकेका होऊन्. तपाईको हृदय एउटा गोठालोको जस्तो भएको होस्, झुण्डका सदस्यहरुप्रति संवेदनशील भएर सदैव तिनीहरुको सुधार गर्नुहोस्.

६. हप्ताको भेटघाट (मिटिङ्ग) डेढ देखि २ घण्टको भएमा बेस हुनेछ तर ठीक समयमा शुरु गर्नुपर्ने कुराको ख्याल राख्नुहोस्. प्रत्येक पाठ पूरा गर्न एक घण्टा जति लाग्नसक्छ. यसैले यो हप्तामा प्रभुले के गर्नुभयो त्यसका निम्ति प्रत्येकले धन्यवाद चढाउने समय पाउनसक्छ. गत हप्ता सिकेका असल कुराहरुबाट यो हप्तामा जिउन सजिलो परेकोले पनि धन्यवाद दिँदै आफ्ना आवश्यकताहरुका लागि प्रार्थनाको अनुरोध गर्न सकिन्छ. ती आवश्यकता अनुरुप एक दोस्राका लागि प्रार्थना गर्नुहोस्. प्रशंसा र आराधना पनि मिटिङ्गमा समावेस गर्न सक्नुहुन्छ. तर यी सबै कुराहरु औपचारिकता पुऱ्याउनका लागि मात्र नभएर यसको निम्ति पूर्व तयारी, राम्रोसँग संचालन गरिएको हुनुपर्छ तर दिक्कलाग्ने गरी लामो गर्नुहुँदैन. हप्तामा एकचोटी एक दोस्रासँग बातचित तथा चिया-खाजाको लागि केही समय छुट्ट्याउनुहोस्.

७. एउटा शैक्षिक इकाईले झुण्डलाई कामलाग्ने कुनै खास पक्षमाथि जोड दिएको जस्तो लागेमा त्यो इकाई एकै हप्तामा सिध्याउनुको सट्टा अर्को हप्तामा पनि त्यसैको अध्ययन जारि राख्न सकिन्छ. त्यसो गर्नुभएमा छलफल र प्रश्नहरुका बुँदाहरुलाई अन्तिम समयको निम्ति बाँकी राख्नुहोस्. किनभने ती त्यो हप्ताको शिक्षाको निम्ति महत्वपूर्ण हुनेछन्.

८. झुण्डको प्रत्येक व्यक्तिहरुसित आ-आफ्नो बाइबल हुनुपर्ने कुरामा ध्यान दिनुहोस्.

९. तपाईको झुण्डका सदस्यहरु हप्ताको भेटघाट पछि पनि एक अर्कासित बातचित र सम्पर्क कायम राख्नमा तिनीहरुलाई प्रोत्साहित गर्नुहोस्. त्यसरी तिनीहरु एक आपसलाई चिन्दै एक आपसमा भरोसा गर्न सक्नेछन् र आपसमा प्रोत्साहन तथा मदत गर्न सक्नेछन्.

१०. यो पुस्तकको बास्तविक लक्ष तपाईंको झुण्डले अरुलाई चेलापनमा ल्याउनसकोस् भन्नाको निम्ति हो. त्यसकारण, झुण्ड ख्रीष्टको परिपक्वतामा बढ्न सम्भव छ र सकेसम्म यसको निम्ति तिनीहरुलाई उत्साह प्रदान गर्नुहोस्.

मानिसले आफ्नो मनमा निम्न अनुसार राख्नसक्ने कुरालाई नबिर्सनुहोस्.

१० प्रतिशत सुनेको विषय
२० प्रतिशत देखेको विषय
५० प्रतिशत छलफल भएको विषय
९० प्रतिशत व्यवहारमा ल्याएको विषय

पुनश्च: कतिले यो पुस्तकमा लेखिएका कैयौं कुराहरु आफूले सिकिसकेको अनुभव गर्न सक्छन्. तर यी इकाईहरुको पूर्ण बेवास्ता वा एउटैमा बढी जोड दिन उपयुक्त देखिदैन. वास्तवमा यी इकाईहरुबाट पर्याप्त शिक्षा ग्रहण गरेर अरुमा सार्ने (अरुलाई दिने) इच्छा राख्ने मनले यो पुस्तक अध्ययन गर्नुपर्दछ.